# आकाशवाणी

01st of October 2026 Thursday

**मुख्य समाचार**

- **कप्तान स्मित मच्छरको साहसको राष्ट्रपति मुर्मुद्वारा प्रशंसा।।**
- **वन्यजन्तु सप्ताहको अवसरमा प्रधानमन्त्री मोदीद्वारा वन तथा वन्यजन्तु संरक्षणमा जोड।।**
- **प्रधानमन्त्री मोदीले परीक्षा प्रणालीमा सुधार र समयमै परीक्षा सञ्चालनको आवश्यकता औँल्याउनुभयो।।**
- **महानदी जल विवाद समाधानका लागि आज नयाँ दिल्लीमा बैठक।।**
- **देशभर 'एक दिन, एक घण्टा, एक साथ' स्वच्छता अभियान सम्पन्न ।।**

**राष्ट्रपति द्रौपदी मुर्मु**

राष्ट्रपति द्रौपदी मुर्मुले फ्लाईदुबई विमान घटनाका भारतीय पाइलट कप्तान स्मित मच्छरको साहस र सुझबुझको प्रशंसा गर्नुभएको छ। गम्भीर रूपमा घाइते भए पनि उहाँले यात्रुहरूको जीवन जोगाउन महत्वपूर्ण भूमिका खेलेर ठूलो दुर्घटना रोक्न मद्दत गर्नुभएको राष्ट्रपति मुर्मुले बताउनुभएको छ।

उपराष्ट्रपति सी.पी. राधाकृष्णन, विदेशमन्त्री डा. एस. जयशंकर र अन्य नेताहरूले पनि कप्तान मच्छरको साहसको प्रशंसा गर्दै शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ। कप्तान मच्छर हाल साउदी अरबको तबुकस्थित अस्पतालमा उपचाररत हुनुहुन्छ र उहाँको अवस्था स्थिर रहेको भारतीय दूतावासले जनाएको छ।

**प्रधानमन्त्री नरेन्द्र मोदी**

प्रधानमन्त्री नरेन्द्र मोदीले प्रकृतिको सन्तुलन कायम राख्न तथा भावी पुस्ताका लागि प्राकृतिक सम्पदा सुरक्षित गर्न वन र वन्यजन्तुको संरक्षण आवश्यक रहेको बताउनुभएको छ। वन्यजन्तु सप्ताह २०२६ को अवसरमा सन्देश दिँदै उहाँले वन्यजन्तु र तिनका बासस्थान संरक्षणमा नागरिकलाई योगदान गर्न आग्रह गर्नुभयो।

प्रधानमन्त्रीले वन्यजन्तुको सुरक्षित आवतजावत र पर्यावरणीय सन्तुलनका लागि जोडिएका बासस्थान तथा वन्यजन्तु मार्ग महत्वपूर्ण रहेको बताउनुभयो। उहाँले केन्द्र र राज्य सरकार मिलेर यस्ता मार्गको पहिचान तथा संरक्षणका लागि निरन्तर काम गरिरहेको जानकारी दिनुभयो।
उहाँले पछिल्लो दशकमा भारतले वन्यजन्तु संरक्षणमा हासिल गरेका उपलब्धिहरू उल्लेख गर्दै चित्ता संरक्षण परियोजनाको सफलताको चर्चा गर्नुभयो। साथै ग्रेट इन्डियन बस्टर्ड, गैँडा, नदी डल्फिन र हिमचितुवाको संरक्षण प्रयास तथा ठूला बिरालो प्रजातिको संरक्षणका लागि अन्तर्राष्ट्रिय सहकार्यमा भारतको भूमिकाबारे पनि उल्लेख गर्नुभयो।

**प्रधानमन्त्री नरेन्द्र मोदी**

प्रधानमन्त्री नरेन्द्र मोदीले देश तीव्र गतिमा सुधारतर्फ अघि बढिरहेको भन्दै परीक्षा सञ्चालन गर्ने संस्थाहरूले पनि आवश्यक सुधार गर्नुपर्ने बताउनुभएको छ। नयाँ दिल्लीस्थित भारत मण्डपमा संघ लोक सेवा आयोगको शताब्दी समारोहलाई सम्बोधन गर्दै उहाँले परीक्षा युवाको भविष्यसँग जोडिएको विषय भएकाले यसलाई केवल एउटा कार्यक्रमका रूपमा लिन नहुने बताउनुभयो।
प्रधानमन्त्री मोदीले परीक्षामा केही महिनाको ढिलाइले पनि युवालाई कठिनाइ हुन सक्ने भन्दै परीक्षा प्रणालीमा समयको निश्चितता कायम गर्नुपर्नेमा जोड दिनुभयो।

**गृहमन्त्री अमित शाह**

छत्तीसगढ र ओडिशाबीच लामो समयदेखि जारी महानदी जल विवाद समाधानका लागि आज नयाँ दिल्लीमा केन्द्रीय गृहमन्त्री अमित शाहको अध्यक्षतामा महत्वपूर्ण बैठक हुँदैछ। बैठकमा छत्तीसगढका मुख्यमन्त्री विष्णुदेव साय र ओडिशाका मुख्यमन्त्री मोहन चरण माझी सहभागी हुनुहुन्छ।

महानदीको पानी बाँडफाँडलाई लिएर दुवै राज्यबीच वर्षौंदेखि विवाद रहँदै आएको छ। विवाद समाधानका लागि सन् २०१८ मा महानदी जल विवाद न्यायाधिकरण गठन गरिएको थियो। केन्द्र सरकारले वार्ता, प्राविधिक सहकार्य र आपसी सहमतिबाट विवाद समाधान गर्न जोड दिँदै आएको छ।

**स्वच्छता ही सेवा**

स्वच्छता ही सेवा २०२६' अभियानअन्तर्गत देशभर 'एक दिन, एक घण्टा, एक साथ' स्वच्छता अभियान सम्पन्न भएको छ। अभियानको उद्देश्य सरसफाइ, स्वच्छता र उचित फोहोर व्यवस्थापनबारे जनचेतना बढाउनु रहेको छ। यस वर्षको नारा 'स्वच्छतामा सहभागिता, स्वच्छ भारत, विकसित भारत' रहेको छ।

अभियानमा केन्द्रीय मन्त्री, मुख्यमन्त्री तथा वरिष्ठ अधिकारीहरूले सहभागिता जनाए। जलशक्ति मन्त्री सी.आर. पाटिलले नदी सफा राख्नुपर्नेमा जोड दिनुभयो। किरेन रिजिजु, जी. किशन रेड्डी, प्रह्लाद जोशी र राममोहन नायडूले पनि स्वच्छतालाई दैनिक व्यवहारको हिस्सा बनाउन आग्रह गर्नुभयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**ताजा समाचारको हरेक अपडेटसँग जोडिनुहोस्—हाम्रो आधिकारिक एक्स ह्यान्डल** @A.i.r underscore gangtok **र फेसबुक पेज** Akashvani News Gangtok **लाई फलो गर्न नबिर्सनुहोस्।**
(GONG)

**भोलि देशभर विशेष ग्राम सभा**

गान्धी जयन्तीको अवसरमा भोलि देशभर विशेष ग्राम सभा आयोजना गरिनेछ। ग्राम सभामा पञ्चायत सुदृढीकरण, सार्वजनिक सेवा सुधार र ग्रामीण जनताको जीवनस्तर सुधारका विषयमा छलफल गरिनेछ।

यस अवसरमा 'सबैको योजना, सबैको विकास' अभियान पनि सुरु गरिनेछ। अभियानअन्तर्गत ग्राम पञ्चायतले स्थानीय नागरिकको सहभागितामा आर्थिक वर्ष २०२७–२८ का विकास योजना तयार गर्नेछन्। ग्राम सभामा सरकारी योजनाको समीक्षा गर्दै स्थानीय आवश्यकता र विकासका प्राथमिकताबारे पनि छलफल गरिनेछ।

**रक्षामन्त्री राजनाथ सिंह**

रक्षामन्त्री राजनाथ सिंहले सशस्त्र बलबीच संयुक्तता र एकीकरणलाई सरकारले उच्च प्राथमिकता दिएको बताउनुभएको छ। नयाँ दिल्लीमा रक्षा लेखा दिवसका अवसरमा बोल्दै उहाँले वित्तीय प्रणाली पनि एकीकृत भए रक्षा व्यवस्थापन अझ प्रभावकारी हुने बताउनुभयो।

उहाँले रक्षा लेखा विभागले रक्षा मन्त्रालयका विभिन्न अंगलाई जोड्ने महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको र रक्षा प्रणालीको आधारका रूपमा काम गरिरहेको बताउनुभयो। मन्त्री सिंहले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका उत्कृष्ट लेखापरीक्षण अभ्यास अपनाउँदै बदलिँदो मापदण्डअनुसार अघि बढ्न आग्रह गर्नुभयो।

**जनसेवाबाट देशसेवा**

प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक सेवामा २५ वर्ष पूरा गर्नुभएको छ। 'जनसेवाबाट देशसेवा'को भावनासहित सरकार सेवा र सुशासनमार्फत सन् २०४७ सम्म विकसित भारत निर्माणको लक्ष्यतर्फ अघि बढिरहेको छ।

यसै क्रममा नयाँ दिल्लीस्थित इन्डिया गेट नजिक सन् २०१९ मा राष्ट्रिय युद्ध स्मारक स्थापना गरिएको हो। स्वतन्त्रतापछि देशका लागि बलिदान दिने भारतीय सैनिकहरूको सम्मानमा निर्माण गरिएको स्मारकमा 'परमवीर चक्र' प्राप्त गरेका २१ वीर सैनिकको अर्धकदको प्रतिमा पनि राखिएको छ।

प्रधानमन्त्री मोदीले 'मन की बात' कार्यक्रममा राष्ट्रिय युद्ध स्मारक देशका वीर सैनिकहरूको साहस र बलिदानको प्रतीक भएको बताउनुभएको थियो

**रबी बालीको न्यूनतम**

आर्थिक मामिलासम्बन्धी मन्त्रिपरिषद् समितिले २०२७–२८ को बजार सिजनका लागि सबै तोकिएका समर्थन मूल्य बढाउने निर्णय गरेको छ। किसानलाई उत्पादनको उचित मूल्य सुनिश्चित गर्न मूल्य वृद्धि गरिएको सूचना तथा प्रसारणमन्त्री अश्विनी वैष्णवले बताउनुभयो।

कुसुमको मूल्य प्रतिक्विन्टल ६७५ रुपैयाँले, तोरी तथा रेपसिडको ४१३ रुपैयाँले र मसुरको ३९० रुपैयाँले बढाइएको छ। जौ, चना र गहुँको मूल्य पनि क्रमशः १३६, ८३ र २५ रुपैयाँले बढाइएको छ। मन्त्रिपरिषद्ले दिल्ली प्रहरीको यातायात व्यवस्थापन प्रणाली तथा हरित ऊर्जा करिडोरको तेस्रो चरणलाई पनि स्वीकृति दिएको छ।

**मन्त्री पीयूष गोयलले**

वाणिज्य तथा उद्योगमन्त्री पीयूष गोयलले खाद्य सुरक्षा सुनिश्चित गर्न अपनाइने राष्ट्रिय उपायलाई 'खाद्य हतियारकरण'का रूपमा लिन नहुने बताउनुभएको छ। अमेरिकाको मिलवाउकीमा भएको जी–२० व्यापारमन्त्री बैठकमा उहाँले खाद्य पदार्थ सुरक्षा, स्थिरता र सहकार्यको माध्यम बन्नुपर्नेमा जोड दिनुभयो।

मन्त्री गोयलले भारत–युरोपेली संघ स्वतन्त्र व्यापार सम्झौताको प्रगतिबारे पनि छलफल गर्नुभएको छ। उहाँले युरोपेली व्यापार तथा आर्थिक सुरक्षा आयुक्त मारोस सेफ्कोभिचसँग भेटवार्ता गर्दै व्यापार तथा प्रविधि परिषद्, विश्व व्यापार संगठन सुधार र जी–२० का साझा प्राथमिकताबारे छलफल गर्नुभयो। भारत र युरोपेली संघले यस वर्ष जनवरी २७ मा व्यापार सम्झौताको वार्ता सम्पन्न गरेका थिए।

**एसियाली खेलकुद**

भारतीय तीरन्दाज गणेश मणि रत्नम् थिरुमुरुले एसियाली खेलकुद २०२६ मा पुरुष व्यक्तिगत कम्पाउन्ड स्पर्धामा कांस्य पदक जितेका छन्। पुरुष स्किफ स्पर्धामा मनु फ्रान्सिस र प्रिन्स नोबलले रजत पदक जितेका छन्। स्क्वास महिला टोलीले पनि कांस्य पदक जितेको छ।

राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदीले पदक विजेता खेलाडीलाई बधाई दिनुभएको छ। प्रधानमन्त्री मोदीले खेलाडीहरूको सफलताले युवालाई खेलकुदतर्फ प्रेरित गर्ने बताउनुभएको छ।

**मुख्य समाचार फेरि एकपल्ट**

- **कप्तान स्मित मच्छरको साहसको राष्ट्रपति मुर्मुद्वारा प्रशंसा।।**
- **वन्यजन्तु सप्ताहको अवसरमा प्रधानमन्त्री मोदीद्वारा वन तथा वन्यजन्तु संरक्षणमा जोड।।**
- **प्रधानमन्त्री मोदीले परीक्षा प्रणालीमा सुधार र समयमै परीक्षा सञ्चालनको आवश्यकता औँल्याउनुभयो।।**
- **महानदी जल विवाद समाधानका लागि आज नयाँ दिल्लीमा बैठक।।**

  **अनी**
- **देशभर 'एक दिन, एक घण्टा, एक साथ' स्वच्छता अभियान सम्पन्न ।।**